01 January 2025

**यो आकाशवाणी हो**

**मुख्य समाचार**

- **प्रधानमन्त्री फसल बीमा योजना र पुनर्गठित मौसम आधारित फसल बीमा योजनालाई जारी राख्ने केन्द्रीय मन्त्रिमण्डलको निर्णय**
- **विद्यार्थीहरूको हितलाई ध्यानमा राखेर वान नेसन वान सब्सक्रिप्शन योजना सुरु**
- **२०२५ लाई रक्षा मन्त्रालयद्वारा सुधार वर्ष घोषणा**
- **विश्वभरि नयाँ वर्षको न्यानो स्वागत, राष्ट्रपति, उपराष्ट्रपति अनि प्रधानमन्त्रीले दिनुभयो शुभकामना, अनि**
- **फिडे विश्व ब्लिट्ज च्याम्पियनसिपमा वैशालीले जितिन् काँस्य पदक**

**अब समाचार विस्तारमा**

**क्याबिनेट निर्णय**

केन्द्रीय मन्त्रिमण्डलले प्रधानमन्त्री फसल बीमा योजना र पुनर्गठित मौसम आधारित फसल बीमा योजनालाई जारी राख्ने निर्णय गरेको छ। मन्त्रिमण्डलको बैठकपछि पत्रकारहरुलाई सम्बोधन गर्दै सूचना तथा प्रसारण मन्त्री श्री अश्विनी वैष्णवले यस हेडमा छुट्याइएको राशि ६९ हजार ५१५ करोड रुपियाँ पुऱ्याइएको बताउनुभयो ।

उहाँले यस योजना अन्तर्गत बीमा गरिएका कृषकहरूमध्ये ८८ प्रतिशत साना तथा सीमान्तकृत किसान रहेको र तीमध्ये ५७ प्रतिशत अन्य पछौटे वर्ग, अनुसूचित जाति र जनजातिका किसान रहेको बताउनु भयो। श्री वैष्णवले भन्नुभयो, विगत आठ वर्षमा बीमा योजना अन्तर्गत किसानहरूलाई १ लाख ७० हजार करोड रुपियाँ भुक्तान गरिएको थियो। उहाँले नयाँ वर्ष २०२५ मा मन्त्रिमण्डलको पहिलो बैठक किसानहरूलाई समर्पित रहेको पनि बताउनु भयो।

सोही प्रकारले केन्द्रीय मन्त्रिमण्डलले **डि अमोनियम फास्फेट**-डीएपी मलमा पौष्टिक तत्वमा आधारित सब्सिडी बढाएर प्रति मेट्रिक टन 3 हजार 500 रुपियाँ गर्ने स्वीकृति दिएको छ। यसले किसानलाई सुपथ मूल्यमा डीएपी उपलब्ध हुनेछ । श्री वैष्णवले किसानलाई प्रति बोरा ५० केजी डीएपी १ हजार ३५० रुपियाँमा दिइने बताउनु भयो । यसका लागि थप भार केन्द्र सरकारले बेहोर्ने उहाँले बताउनु भयो ।

**ONOS**

सरकारले आजदेखि वान नेसन वान सब्सक्रिप्शन- **ONOS** योजना सुरु गरेको छ। योजनाको उद्देश्य विद्यार्थीहरूलाई सिङ्गल सब्सक्रिप्शन प्लेटफर्म अन्तर्गत अनुसन्धान पत्र, जर्नल र शैक्षिक सामग्रीहरूसहित व्यापक डिजिटल ज्ञान स्रोतहरूमा सहज पहुँच प्रदान गर्नु रहेको छ। यस योजनाको साथै, विभिन्न ठाउँमा सब्सक्रिप्शन लिनु पर्दैन र ज्ञान सबैको पहुँचमा हुनेछ। यसले देशभरिका विद्यार्थी, अनुसन्धानकर्ता र संस्थाहरूलाई फाइदा पुग्ने सम्भावना छ।

यस पहलको एक भागको रूपमा विश्वभरिका शीर्ष पत्रिकाहरूमा प्रकाशित अनुसन्धान पत्रहरूमा विश्वविद्यालय र आईआईटीहरू सहित सरकारी सहायता प्राप्त उच्च शिक्षा संस्थानहरूका एक करोड 80 लाख विद्यार्थीहरूले पहुँच पाउनेछन्।

यस पहलको पहिलो चरणअन्तर्गत विज्ञान, प्रविधि, इन्जिनियरिङ, चिकित्सा, गणित, व्यवस्थापन, सामाजिक विज्ञान र मानवविज्ञान सम्बन्धी १३ हजार चार सयभन्दा बढी अन्तर्राष्ट्रिय जर्नलहरू अनुसन्धानकर्ताहरूलाई उपलब्ध गराइँदैछ ।

प्रमुख वैज्ञानिक सल्लाहकार प्राध्यापक अजय कुमार सूदले **ONOS** को पछिल्लो चरणमा निजी क्षेत्रका उच्च शिक्षा संस्था र विश्वविद्यालयहरूमा पनि यो सुविधा विस्तार गरी देशका सबै खाँचोमा परेका मानिसहरूलाई सामग्री उपलब्ध गराउन सकिने बताउनु भएको छ।

**ONOS** योजना अन्तर्गत, तीन वर्षको अवधिका लागि 6 हजार करोड रुपियाँ बजेट विनियोजन गरिएको छ।

केन्द्रीय मन्त्रिमन्डलले गत वर्ष 25 नोभेम्बरमा वान नेसन, वान सब्सक्रिप्शन योजना **ONOS** लाई अनुमोदन गरेको थियो। यसले सरकारी संस्थाहरूमा सबै विद्यार्थी, शिक्षक र अनुसन्धानकर्ताहरूलाई अनुसन्धान स्रोतहरूमा सजिलो पहुँच प्रदान गरेर विश्वव्यापी अनुसन्धान इकोसिस्टममा भारतलाई स्थान दिने लक्ष्य राखेको छ।

**भारत-पाक परमाणु**

भारत र पाकिस्तानबीच परमाणु प्रतिष्ठान र अन्य संरचनामा आक्रमण रोक्ने सम्बन्धमा भएको सम्झौताअनुसार आज दुई देशले परमाणु प्रतिष्ठान र अन्य सुविधाहरूको सूची आदानप्रदान गरेका छन्। यी दस्तावेजहरू नयाँ दिल्ली र इस्लामाबादमा विभिन्न कूटनीतिक माध्यमहरू मार्फत एक अर्कालाई हस्तान्तरण गरिएको थियो। दुवै देशले यस सम्बन्धमा ३१ दिसम्बर १९८८ मा एक सम्झौतामा हस्ताक्षर गरेका थिए, जुन २७ जनवरी १९९१ देखि लागू भएको थियो ।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

**रक्षा राजनाथ**

रक्षा मन्त्रालयले सन् २०२५ लाई रक्षा क्षेत्रमा जारी र भावी सुधारलाई प्रोत्साहन गर्न सुधार वर्ष घोषणा गरेको छ । रक्षामन्त्री राजनाथ सिंहले हिजो रक्षा मन्त्रालयका सबै सचिवहरूसँग भएको महत्त्वपूर्ण बैठकको अध्यक्षता गर्नुभएको थियो। यस बैठकमा रक्षा क्षेत्रका प्रमुख योजना, परियोजना र सुधारको प्रगतिको समीक्षा गरिएको थियो।

श्री सिंहले सुधारको वर्ष सशस्त्र बलको आधुनिकीकरणको यात्रामा क्रान्तिकारी कदम हुने विश्वास व्यक्त गर्नुभएको छ। यसले देशको रक्षा तयारीमा अभूतपूर्व प्रगतिको जग खडा गर्ने उहाँले बताउनु भयो ।

यी सुधारहरूको फोकस सशस्त्र बलहरू, रूपान्तरण र प्राविधिक रूपमा उन्नत, बहु-डोमेन एकीकृत कार्यहरू सञ्चालन गर्न सक्षम छन् भन्ने सुनिश्चित गर्नु रहेको छ। यो लक्ष्य हासिल गर्न, २०२५ मा मुख्य फोकस दिइने धेरै क्षेत्रहरूको पहिचान गरिएको छ। यी क्षेत्रहरूमा रक्षा निर्माणको विकास, पूर्वाधारमा सुधार, खरिद प्रक्रियाको बृद्धि र आर्टिफिसियल इन्टेलिजेन्स-एआई, ड्रोन र साइबर युद्ध नीतिहरू जस्ता उदीयमान प्रविधिहरूको एकीकरणमा प्रगति समावेश छन्।

यो पहल सशस्त्र बलहरू विश्वव्यापी सैन्य क्षमताहरूको अग्रभागमा रहेको सुनिश्चित गर्न र उनीहरूको क्षमता अभिवृद्धि गर्नको लागि गरिएको हो। रक्षा मन्त्रालयले राष्ट्रिय सुरक्षालाई समेकित र संयोजित बनाउने कार्य जारी राख्नेछ। रक्षा र नागरिक क्षेत्रका उद्योगहरू बीचको प्रविधि र ज्ञानको हस्तान्तरणले कारोबार गर्न सजिलो हुने र निजी-सार्वजनिक साझेदारीलाई प्रोत्साहन गर्ने बताइएको छ।

**भारत-पाक कैदीहरू**

भारत र पाकिस्तानले आज कूटनीतिक तहमा एकअर्काको हिरासतमा रहेका कैदी र माछा मार्ने माझीहरूको सूची आदानप्रदान गरेका छन्। 2008 मा हस्ताक्षर गरिएको द्विपक्षीय काउन्सुलर पहुँच सम्झौताको प्रावधान अन्तर्गत, त्यस्ता सूचीहरू प्रत्येक वर्ष 1 जनवरी र 1 जुलाईमा आदानप्रदान गरिन्छ। विदेश मन्त्रालयले एक विज्ञप्तिमा भारतले आफ्नो हिरासतमा रहेका ३८१ पाकिस्तानी कैदी र ८१ जना माझीको नाम साझा गरेको जनाएको छ। यससँगै पाकिस्तानले आफ्नो हिरासतमा रहेका ४९ भारतीय बन्दी र २१७ जना माझीको नाम पनि साझा गरेको छ ।

**GST संग्रह दिसम्बर**

दिसम्बर २०२३ को तुलनामा गत महिना कुल सकल वस्तु तथा सेवा कर - जीएसटी सङ्कलन सात दशमलव तीन प्रतिशतले बढेर १ लाख ७६ हजार करोडभन्दा धेरै भएको छ। दिसम्बर २०२३ मा कुल जीएसटी राजस्व १ लाख ६४ हजार करोड रुपियाँ थियो। दिसम्बरमा केन्द्रीय जीएसटी संकलन ३२ हजार ८ सय ३६ करोड र राज्य जीएसटी ४० हजार चार सय ९९ करोड रुपियाँ थियो। एकीकृत **आईजीएसटी** सङ्कलन ४७ हजार ७ सय ८३ करोड रुपियाँ र उपकर ११ हजार 471 करोड रुपियाँ थियो।

**नयाँ वर्ष**

नयाँ वर्ष 2025 लाई विश्वले धूमधाम, उत्साह, आतिशबाजी, सांस्कृतिक कार्यक्रम र खुसीका साथ न्यानो स्वागत गरेको छ ।

नयाँ वर्षलाई पहिलोपटक प्रशान्त क्षेत्रको किरिबाटीमा स्वागत गरिएको थियो । अमेरिकी **सामोआमा** सबैभन्दा पछि नयाँ वर्षको स्वागत समारोह आयोजना गरिएको थियो ।

सिड्नीदेखि लन्डनसम्म नयाँ वर्षलाई आशा र आकांक्षाका साथ मनाइयो।

नयाँ वर्षलाई स्वागत गर्न दुबईको विश्वको सबैभन्दा अग्लो गगनचुम्बी भवन बुर्ज खलिफामा भव्य आतिशबाजी र बिजुली बत्ती बालिएको थियो।

नयाँ वर्षलाई भारतले पनि परम्परागत हर्षोल्लास र धार्मिक भावनाका साथ स्वागत गरेको छ। राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु, उपराष्ट्रपति श्री जगदीप धनखड अनि प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज नयाँ वर्षको अवसरमा देशवासीलाई शुभकामना दिनुभएको छ।

**चेस-वैशाली**

चेसमा, ग्रान्डमास्टर रमेश बाबु वैशालीले फिडे विश्व ब्लिट्ज च्याम्पियनसिप २०२४ को महिला वर्गमा कास्य पदक जितेकी छन्। आज न्यूयोर्कमा उनले यो उपलब्धी प्राप्त गरेकी हुन्। उनी महिला र खुला दुवै विधामा प्रतियोगिताको नक आउट चरणमा पुग्ने एकमात्र भारतीय खेलाडी थिइन्।

**मुख्य समाचार फेरि एकपल्ट**

- **प्रधानमन्त्री फसल बीमा योजना र पुनर्गठित मौसम आधारित फसल बीमा योजनालाई जारी राख्ने केन्द्रीय मन्त्रिमण्डलको निर्णय**
- **विद्यार्थीहरूको हितलाई ध्यानमा राखेर वान नेसन वान सब्सक्रिप्शन योजना सुरु**
- **२०२५ लाई रक्षा मन्त्रालयद्वारा सुधार वर्ष घोषणा**
- **विश्वभरि नयाँ वर्षको न्यानो स्वागत, राष्ट्रपति, उपराष्ट्रपति अनि प्रधानमन्त्रीले दिनुभयो शुभकामना, अनि**
- **फिडे विश्व ब्लिट्ज च्याम्पियनसिपमा वैशालीले जितिन् काँस्य पदक**